**प्रस्तावहरुः**

२०८२/०८३-०६।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८२/०८३-०६।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८२/०८३-०६।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८२/०८३-०६।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८२/०८३-०६।०५ आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक आय, व्यय सहित प्रगति प्रतिवेदन सम्बन्धमा ।

२०८२/०८३-०६।०६ गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा।

२०८२/०८३-०६।०७ नदिजन्य पदार्थको उत्खनन्, भण्डारण तथा बिक्री वितरणको IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

२०८२/०८३-०६।०८ शिवचण्डी मोटरबाटोको म्याद थप सम्बन्धमा ।

२०८२/०८३-०६।०९ सार्वजनिक सुनुवाइको समिक्षा र जवाफदेहीता सम्बन्धमा ।

२०८२/०८३-०६।१० घ वर्गको इजाजतपत्र सम्बन्धमा।

२०८२/०८३-०६।११ ख वर्गका भवन तथा संरचनाको नक्सा स्वीकृत सम्बन्धमा।

२०८२/०८३-०६।१२ आय आर्जनका लागि एकीकृत कृषि तथा पशुपन्छी कार्यक्रम बजेट बाँडफाँड सम्बन्धमा ।

२०८२/०८३-०६।१३ विविध सम्बन्धमा ।

- स्रोत सुनिश्चितता सम्बन्धमा ।
- खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।
- शिक्षक व्यवस्थापन सम्बन्धमा ।
- Variation Order (VO) सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०१**

प्रस्ताव नं २०८२/०८३-६।०१ उपर छलफल गर्दा १७३औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरी समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०२**

प्रस्ताव नं २०८२/०८३-६।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउदै आएको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाह प्रणालीलाई थप परिष्कृत गर्ने निर्णय गरियो ।साथै जेन् जीको प्रदर्शनी/आन्दोलनका क्रममा क्षती भएका जिल्लास्थित कार्यालयहरुसँग

समन्वय र सहकार्य गरी पुनर्निमाणमा सहजीकरण गरी रूपा गाउँपालिकासँग जोडिएका सेवाहरूलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०३**

प्रस्ताव नं २०८२/०८३-६।०३ उपर छलफल गर्दा सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०४**

प्रस्ताव नं २०८२/०८३-६।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदान प्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०५**

प्रस्ताव नं २०८२/०८३-६।०५ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकमा रूपा गाउँ कार्यपालिकाको कार्यालयबाट भए, गरेका कार्यहरूको आय, व्यय सहितको तपसिलको प्रगति प्रतिवेदन अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

तपसिलः

| **आय** | **व्यय** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| संघीय सरकार | २९,९८,००,०००.०० | ७,७८,९८,०००.०० | २५.९८ | २२,१९,०२,०००.०० | चालु | ३४,५८,०१,०८८.०० | ७,५८,१९,१५९.७६ | २१.९३ | २६,९९,८१,९२८.२४ |
| समानिकरण अनुदान | ७,६५,००,०००.०० | १,९१,२५,०००.०० | २५ | ५,७३,७५,०००.०० | पारिश्रमिक कर्मचारी | १७,३५,३२,०००.०० | ६,०१,२४,२४१.७६ | ३४.६५ | ११,३४,०७,७५८.२४ |
| शसर्त अनुदान चालु | १८,१७,००,०००.०० | ५,६९,५८,०००.०० | ३१.३५ | १२,४७,४२,०००.०० | पारिश्रमिक पदाधिकारी | ८०,००,०००.०० | २४,३३,०००.०० | ३०.४१ | ५५,६७,०००.०० |
| शसर्त अनुदान पुँजीगत | ५५,००,०००.०० | १८,१५,०००.०० | ३३ | ३६,८५,०००.०० | पोशाक | ६,८०,०००.०० | ० | ० | ६,८०,०००.०० |
| विषेश अनुदान चालु | १,६५,००,०००.०० | ० | ० | १,६५,००,०००.०० | औषधीउपचार खर्च | ३,००,०००.०० | ० | ० | ३,००,०००.०० |
| समपुरक अनुदान पुँजीगत | १,९६,००,०००.०० | ० | ० | १,९६,००,०००.०० | महंगी भत्ता | १९,१०,०००.०० | ६,२०,०००.०० | ३२.४६ | १२,९०,०००.०० |
| प्रदेश सरकार | १,५३,४१,०००.०० | २३,३५,२५०.०० | १५.२२ | १,३०,०५,७५०.०० | फिल्ड भत्ता | ३,५०,०००.०० | ० | ० | ३,५०,०००.०० |
| समानिकरण अनुदान | ९३,४१,०००.०० | २३,३५,२५०.०० | २५ | ७०,०५,७५०.०० | कर्मचारीको बैठक भत्ता | १०,१०,०००.०० | ८४,५५०.०० | ८.३६ | ९,२५,४५०.०० |
| समपुरक | ६०,००,० | ० | ० | ६०,००,० | कर्मचारी | ३,५०,०० | ० | ० | ३,५०,०० |

रुपा गाउँपालिका कास्की

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुदान पुँजीगत | ००.०० | | | ००.०० | प्रोत्साहन | ०.०० | | | ०.०० |
| राजस्व बाडफाड | ८,६०,४१,६८८.०० | २,१५,४८,९४२.२५ | २५.०४ | ६,४४,९२,७४५.७५ | अन्य भत्ता | १,००,०००.०० | ० | ० | १,००,०००.०० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,४९,०३,५१६.०० | १,२२,०४,७०३.८८ | २२.२३ | ४,२६,९८,८१२.१२ | पदाधिकारी बैठक भत्ता | ९,२०,०००.०० | २४,०००.०० | २.६१ | ८,९६,०००.०० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,८३,०१,१७२.०० | ८५,४४,८३९.३५ | ४६.६९ | ९७,५६,३३२.६५ | पदाधिकारीअन्य सुबिधा | १,५०,०००.०० | ० | ० | १,५०,०००.०० |
| बाँडफाँट बाट प्राप्त हुने सवारी साधन कर | ७८,३७,०००.०० | ७,९९,३९९.०२ | १०.१९ | ७०,३७,६००.९८ | पदाधिकारी अन्य भत्ता | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १५,००,०००.०० | ० | ० | १५,००,०००.०० |
| अन्तरिक श्रोत | ९,५२,२९,४००.०० | ७,३६,४१,३९९.७९ | ७७.३३ | २,१५,८८,०००.२१ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२,००,०००.०० | ० | ० | १२,००,०००.०० |
| सम्पती कर | ११,००,०००.०० | ० | ० | ११,००,०००.०० | कर्मचारी कल्याण कोष | २,५०,०००.०० | ० | ० | २,५०,०००.०० |
| भुमिकर/मालपोत | १८,००,०००.०० | ० | ० | १८,००,०००.०० | पानी तथा बिजुली | ६,९०,०००.०० | ३०,६७३.०० | ४.४५ | ६,५९,३२७.०० |
| वहाल कर | ४,५०,०००.०० | ० | ० | ४,५०,०००.०० | संचार महसुल | ६,०५,०००.०० | १,५६,९५१.०० | २५.९४ | ४,४८,०४९.०० |
| अन्य मनोरञ्जन कर | ३०,०००.०० | ० | ० | ३०,०००.०० | इन्धन (पदाधिकारी | ८,५०,०००.०० | १,५०,०००.०० | १७.६४ | ७,००,०००.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवार मा लाग्ने कर | ६०,०००.०० | ० | ० | ६०,०००.०० | इन्धन (कार्यालय प्रयोजन) | ३५,५०,०००.०० | ७,७९,०५३.०० | २१.९५ | २७,७०,९४७.०० |



रुपा गाउँपालिका कास्की

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्य कर | ११,००,०००.०० | ० | ० | ११,००,०००.०० | सवारी साधन मर्मत खर्च | ३४,१५,९८६.०० | ६,९७,६६६.०० | २०.४२ | २७,१८,३२०.०० |
| पर्यटन शुल्क | १०,०००.०० | ० | ० | १०,०००.०० | बिमा तथा नवीकरण खर्च | ७,५०,०००.०० | ३०,०००.०० | ४ | ७,२०,०००.०० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ३,००,०००.०० | ० | ० | ३,००,०००.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,२०,०००.०० | ९१,३५०.०० | ११.१४ | ७,२८,६५०.०० |
| न्यायिक दस्तूर | ५५,०००.०० | ० | ० | ५५,०००.०० | मसलन्द तथा कार्यालय सामाग्री | २९,७०,०००.०० | ४,९०,५२८.०० | १६.५२ | २४,७९,४७२.०० |
| शिक्षा क्षेत्रको आम्दानी | ५५,०००.०० | ० | ० | ५५,०००.०० | इन्धन - अन्य प्रयोजन | १,००,०००.०० | ० | ० | १,००,०००.०० |
| परीक्षा शुल्क | ५०,०००.०० | ० | ० | ५०,०००.०० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १२,५०,०००.०० | १,७७,५२३.०० | १४.२ | १०,७२,४७७.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ८,५०,०००.०० | ० | ० | ८,५०,०००.०० | सेवा र परामर्श खर्च | ९,५०,०००.०० | ० | ० | ९,५०,०००.०० |
| नक्सापास दस्तुर | ४,५०,०००.०० | ० | ० | ४,५०,०००.०० | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६,५०,०००.०० | ० | ० | ६,५०,०००.०० |
| सिफारिश दस्तुर | २३,००,०००.०० | ० | ० | २३,००,०००.०० | करार सेवा शुल्क | २,३८,८३,०००.०० | ६८,६४,६१६.०० | २८.७४ | १,७०,१८,३८४.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५,५०,०००.०० | ० | ० | ५,५०,०००.०० | सरसफाईसेवा शुल्क | १,८०,०००.०० | ६,८६०.०० | ३.८१ | १,७३,१४०.०० |
| नाता प्रमाणित दस्तुर | ५,५०,०००.०० | ० | ० | ५,५०,०००.०० | अन्य सेवा शुल्क | ९,००,०००.०० | २,४००.०० | ०.२७ | ८,९७,६००.०० |
| अन्य दस्तुर | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० | कर्मचारी तालिम खर्च | २,५०,०००.०० | ० | ० | २,५०,०००.०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,५०,०००.०० | ० | ० | ३,५०,०००.०० | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी | ३,५०,०००.०० | ० | ० | ३,५०,०००.०० |



रुपा गाउँपालिका कास्की

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खर्च | | | | |
| अन्य क्षेत्रको आय | २,२०,०००.०० | ० | ० | २,२०,०००.०० | कार्यक्रम खर्च | ८,२९,९८,१०२.०० | १७,६२,२४९.०० | २.१२ | ८,१२,३५,८५३.०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | १,२०,०००.०० | ० | ० | १,२०,०००.०० | विविध कार्यक्रम खर्च | ७५,५५,०००.०० | २,०७,८१९.०० | २.७५ | ७३,४७,१८१.०० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,०००.०० | ० | ० | ५,०००.०० | अनुगमन, मूल्यांकन खर्च | ७,००,०००.०० | ० | ० | ७,००,०००.०० |
| अन्य राजस्व | १,०४,००,०००.०० | ० | ० | १,०४,००,०००.०० | भ्रमण खर्च | ३३,१०,०००.०० | ३,८३,२००.०० | ११.५८ | २९,२६,८००.०० |
| व्यवसाय कर | १,०८,०००.२१ | ० | ० | १,०८,०००.२१ | विविध खर्च | ६३,१०,०००.०० | ५,०३,९८०.०० | ७.९९ | ५८,०६,०२०.०० |
| बेरूजू | १,७५,०००.०० | ० | ० | १,७५,०००.०० | सभा सञ्चालन खर्च | ४,५०,०००.०० | ० | ० | ४,५०,०००.०० |
| बैंक मौज्दात | ७,३६,४१,३९९.७९ | ७,३६,४१,३९९.७९ | १०० | ० | शैक्षिक संस्थाहरूलाई सहायता | ५९,६२,०००.०० | ० | ० | ५९,६२,०००.०० |
| जम्मा | ४९,६४,१२,०८८.०० | १७,५४,२३,५९२.०४ | ३५.३३ | ३२,०९,८८,४९५.९६ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २०,५०,०००.०० | १,२५,०००.०० | ६.१ | १९,२५,०००.०० |
| | औषधीखरिद खर्च | १८,५०,०००.०० | ० | ० | १८,५०,०००.०० | | | | |
| | घरभाडा | ४,५०,०००.०० | ० | ० | ४,५०,०००.०० | | | | |
| | सवारी साधन तथा मेशिनर औजार भाडा | ५,५०,०००.०० | ७३,५००.०० | १३.३६ | ४,७६,५००.०० | | | | |
| | भैपरी आउने चालु खर्च | १०,००,०००.०० | ० | ० | १०,००,०००.०० | | | | |
| | पूंजीगत | १५,०६,११,०००.०० | १,९३,५२,२५५.०० | १२.८५ | १३,१२,५८,७४५.०० | | | | |
| | सवारी साधन | ४१,५०,०००.०० | ४,७६,३९८.०० | ११.४८ | ३६,७३,६०२.०० | | | | |
| | मेशिनरी तथा औजार | ५४,३०,०००.०० | २,५०,२१९.०० | ४.६१ | ५१,७९,७८१.०० | | | | |
| | फर्निचर तथा फिक्चर्स | ५८,५०,०००.०० | ० | ० | ५८,५०,०००.०० | | | | |
| | सुरक्षा प्रणाली तथा उपकरण | २०,००,०००.०० | ० | ० | २०,००,०००.०० | | | | |

रुपा गाउँपालिका कास्की

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राप्ति खर्च | | | | |
| | सडक तथा पूल निर्माण | ५,७१,००,०००.०० | १५,३२,१५०.०० | २.६८ | ५,५५,६७,८५०.०० |
| | सिंचाई संरचना निर्माण | ४०,००,०००.०० | ० | ० | ४०,००,०००.०० |
| | खानेपानी संरचना निर्माण | १६,१०,०००.०० | ० | ० | १६,१०,०००.०० |
| | अन्य सार्वजनिक निर्माण | ७,०४,७१,०००.०० | १,७०,९३,४८८.०० | २४.२६ | ५,३३,७७,५१२.०० |
| | जम्मा | ४९,६४,१२,०८८.०० | ९,५१,७१,४१४.७६ | १९.१७ | ४०,१२,४०,६७३.२४ |

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०६**

प्रस्ताव नं २०८२/०८३-६।०६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) गण्डकी प्रदेश ,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,पोखराको मिति २०८२/०८/०९ को सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ का आधारमा नवप्रवर्तन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग भएकोमा रकम रु २ करोड ३५ लाखको लागत अनुमानसहित पेस भएको **गरिबी निवारणका लागि दुध उत्पादन परियोजना** प्रस्ताव अनुमोदन गरी सूचनामा माग भएका कागजात सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा प्रस्ताव पेस गर्ने।

ख) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ अनुसार रूपा गाउँपालिका कास्कीको न्यूनतम साझेदारी बापत हुन आउने रकम आगामी हिउँदे गाउँसभाबाट बजेट सुनिश्चितता हुने। **साथै उल्लिखित कार्यविधि अनुसार परियोजना स्वीकृत भएमा उक्त योजनाको सञ्चालन, मर्मत संभार र दिगोपन लगायतका कार्यहरू यस गाउँपालिकाबाट हुने प्रतिवद्धता/स्व-घोषणा गरी परियोजना सञ्चालनका लागि यस कार्यालयमा कार्यरत पशु चिकित्सक श्री सुशिल अर्याललाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो।**

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०७**

प्रस्ताव नं २०८२/०८३-६।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्की क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणका लागी हेड जियो इन्जिनियरिङ सोलुसन प्रा. लि. ललितपुर द्वारा तयार पारी पेस भएको IEE प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।०८**

प्रस्ताव नं २०८२/०८३-६।०८ उपर छलफल गर्दा रुपा गाउँपालिका कास्कीको ठेक्का नं 6 / RUPA/ NCB/ WORKS/2080/2081, Upgrading of Shivachandi Motorbato (0+000-5+100 Section) रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्की र निर्माण व्यवसायी Royal Rudra Mahadev JV

बिच मिति २०८२/०८/०६ गतेभित्र कार्यसम्पन्न गर्नेगरी मिति २०८१।०३।०७ मा सम्झौता भइ निर्माण कार्य सञ्चालनमा रहेको।सो सन्दर्भमा निर्माण व्यवसायीले जेन्जी आन्दोलन, अबिरल वर्षा, जग्गा बिबाद लगायतका कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि मिति २०८२/०७/१८ मा म्याद थपको निवेदन पेस गरेको र हाल उक्त सडक स्तरोन्नतीको क्रममा रहेको पाइएकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८२ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-६।०९</u>**

प्रस्ताव नं २०८२/०८३-६।०९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको पहिलो त्रैमासिक अवधिमा सम्पादित कार्यहरू सम्बन्धी मिति २०८२/०७/२८ मा सञ्चालित सार्वजनिक सुनुवाइ कार्यक्रम उठेका विषयहरूमा सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-६।१०</u>**

प्रस्ताव नं २०८२/०८३-६।१० उपर छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रका लागि निवेदन सहित पेस भएका फर्महरूको कागजात रूजु गरी समितिद्वारा पेस भएका तपसिलका फर्महरूलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| क्रस | व्यवसायीको नाम | कार्यालय रहेको स्थायी ठेगाना | सेवा विस्तार भइ कार्यालय रहने ठेगाना | कैंफियत |
|---|---|---|---|---|
| १ | शुतन्त्र इन्जिनियरिङ मोक्क्ष प्रा.लि. | पोखरा ९ चिप्लेढुङ्गा | रूपा ६ कास्की | |
| २ | सिस्टम्स एण्ड इनर्जीज् | पोखरा ४ कास्की | रूपा ५ कास्की | |
| ३ | एस पि एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | रुपा २ सिर्कुतान | रुपा २ सिर्कुतान | |
| ४ | सुविन्दु डेभलपर्स प्राइभेट लिमिटेड | रूपा ७ दाङसिङ | रूपा ७ दाङसिङ | |

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-६।११</u>**

प्रस्ताव नं २०८२/०८३-०६।११ उपर छलफल गर्दा भवन ऐन, २०५५ को दफा ११ को उपदफा २ बमोजिम क वा ख वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजाइन तयार गरी शहरी विकास कार्यालयबाट स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको।सो सम्बन्धमा यस गाउँपालिका क्षेत्रभित्रका ख वर्गका भवनको नक्सापासको लागि पेस भएका कागजातहरूको कारबाहीको लागि शहरी विकास कार्यालयलाई लेखी पठाइएकोमा उक्त कागजातहरू फिर्ता आएकाले सो सम्बन्धमा आवश्यक कानुन बनाएर प्रक्रिया अगाडि बढाउने। साथै कानुन निर्माणका लागि सम्बन्धित समिति तथा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-६।१२</u>**

प्रस्ताव नं २०८२/०८३-६।१२ उपर छलफल गर्दा संघीय विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरी **आय आर्जनका लागि एकीकृत कृषि तथा पशुपन्छी विकास**

रुपा गाउँपालिका कास्की

**कार्यक्रम शीर्षक**मा बिनियोजित रकमलाई तपसिल बमोजिम बाँडफाँड गरी कार्यान्वयनमा अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स | कार्यक्रम | एकाई | बजेट | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | मागमा आधारित व्यावसायिक फर्म सहयोग कार्यक्रम (पुर्वधार निर्माण ) | १ | १५००००० | १५००००० |
| २ | पशु जन्य उत्पादन बजारीकरण संकलन केन्द्र सहयोग कार्यक्रम तथा यान्त्रिकरण सहयोग | | ८००००० | ८००००० |
| ३ | अल्पसंख्यक महिलाकोलागि कुखुरापालन सहयोग (खोर कम्पाउण्ड कुखुराको चल्ला तथा तालिम) | १ | २५०००० | २५०००० |
| ४ | अपाङ्ग वर्गकोलागि बाख्रापालन सहयोग कार्यक्रम (अपाङ्ग संजाल/महासंधको सहकार्यमा) | १ | ३०००००० | ३००००० |
| ५ | स्थानीय बंगुर संरक्षण कार्यक्रम | १ | ३००००० | ३००००० |
| ६ | क्षमता विकास कार्यक्रम ( कृषक तालिम, गोष्ठी, भ्रमण तथा प्राबिधिक तालिम, गोष्ठी, भ्रमण) | १ | ३००००० | ३००००० |
| ७ | भेडा पालन सहयोग कार्यक्रम | १ | ५०००० | ५०००० |
| ८ | अनुगमन मुल्यांकन पारदर्शिता कार्यक्रम सार्वाजनिकरण डिजिटल प्रोफाईल निर्माण, प्रगती बिवरण डकुमेन्ट्री तयार गर्ने | १ | ५५०००० | ५५०००० |
| ९ | पशु स्वास्थ्य शिविर औषधी तथा उपकरण खरिद | १ | १०००००० | १०००००० |
| १० | उन्नत दुधालु पशु गाई/भैसी खरिद सहयोग कार्यक्रम | १८० | ४५००० | ८१००००० |
| ११ | बाख्रा श्रोत केन्द्र स्थापना सहयोग कार्यक्रम | १ | ४००००० | ४००००० |
| १२ | जनजाति/दलित महिलाको लागि बगुर पाठा/पाठी वितरण कार्यक्रम | २५ | ४००० | १००००० |
| १३ | बिपन्न महिलाको लागि बाख्रा बितरन कार्यक्रम | ४० | ५००० | २००००० |
| १४ | पशु पालन असल अभ्यास आदान प्रदान कार्यक्रम (कम्तिमा ५ वटा पालिकामा) | १ | २००००० | २००००० |
| १५ | हाल गोरु पालन किसानलाइ सहयोग कार्यक्रम | २४० | ७५०० | १८००००० |
| १६ | टनेल/हेलनेट खरिद कार्यक्रम | ५० | | ३५०००० |

रुपा गाउँपालिका कास्की

| | | | | |
|---|---|---|---|---|
| १७ | व्यावाबास्यिक तरकारी खेति गर्ने किसानको लागि भर्मी मल उत्पादनमा सहयोग कार्यक्रम | ४ | २५००० | १००००० |
| १८ | भकारो सुधार कार्यक्रम | | | २००००० |
| जम्मा बजेट रु. | | | | **१,६५,००,०००** |

**कार्यपालिका निर्णय नं २०८२/०८३-६।१३**

प्रस्ताव नं २०८२/०८३-६।१३ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका वडा नं ५ स्थित फेदी नेवाः खलःले नेपाल सम्वत्को अवसरमा सञ्चालित विविध सास्कृतिक कार्यक्रम सञ्चालनार्थ खर्च भएको रकम अनुमोदन गरी रकम रू ३५ हजार नबढ्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

ख) रूपा गाउँपालिकामा रहेका आर्थिक रूपमा विपन्न तथा असहायहरूको औषधी उपचार तथा विपद्जन्य घटनाहरूबाट क्षति पुगेका तपसिलका व्यक्तिहरूलाई देहायको रकम सहायता/राहत स्वरूप भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क स | नाम थर | ठेगाना | प्रकृति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रनिश गुरुङ | रूपा ६ कास्की | औषधी उपचार | २० हजार | अभिभावक वनमाया गुरूङ |
| २ | पुर्ण बहादुर गुरुङ | रूपा ४ कास्की | विपद्/ आगलागी | १५ हजार | |
| ३ | लिला पौडेल | रूपा ७ कास्की | विपद् | १५ हजार | |

ग) रूपा गाउँपालिका वडा नं ५ स्थित देउराली नेवा खलःको समाज भवन स्तरोन्नतिका लागि वडा सिफारिस, अन्य कागजात सहित बजेट सुनिश्चितताका लागि निवेदन पेस भएकाले संलग्न कागजात तथा प्राविधिक लागत अनुमानका आधारमा रकम रू २ लाख नबढ्ने र आगामी हिउँदे गाउँसभा अधिवेशनबाट अनुमोदन हुनेगरी स्रोत सुनिश्चतता गर्ने ।

घ) रूपा गाउँपालिका वडा नं ५ स्थित देउराली आत्मनिर्भर खानेपानी योजनाको विद्युतीय लिफ्टिङ मेसिन बिग्रीएर खानेपानी आपुर्तिमा समस्या देखिएको भनी निवेदन पेस भएकाले उक्त मेसिन मर्मतका लागि रकम रु ९० हजार नबढ्ने र कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकमा खर्च लेख्नेगरी बजेट व्यवस्थापन गर्ने ।

ङ) रूपाज्योती मावि रूपा-६ मा रिक्त प्रा.वि. तृतीय दरबन्दिमा श्री अरूणोदय आवि रूपा ७ मा कार्यरत सविता न्यौपाने र विश्वशान्ति मा.वि. रूपा-५ मा रिक्त प्रा.वि. तृतीय दरबन्दीमा भैरवी आवि रूपा ५ मा कार्यरत विन्दु पगेनीलाई काजमा खटाउने । अरूणोदय आ. वि.मा रिक्त हुने पदमा सेवा करारमा शिक्षक नियुक्ति गर्ने र भैरवी आ. वि.मा रिक्त हुने दरबन्दीमा स्थायी शिक्षक सरूवा विज्ञापन अनुमति दिने निर्णय गरियो ।

च) रूपा अपाङ्गता संरक्षण सञ्जालले अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मिति २०८२/०८/१७ गते अपाङ्गताको क्षमता विकास गर्ने प्रयोजनार्थ सञ्चालित विविध कार्यक्रम

सञ्चालनार्थ बाल, अपाङ्ग, नारी र अन्य दिवसीय कार्यक्रम खर्च शीर्षकबाट खर्च लेख्नेगरी बढीमा रकम रू ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

छ) रूपा गाउँपालिका वडा नं ७ स्थित भास्मेलिथर सडक निर्माणको लागि प्राविधिक लागत अनुमानका आधारमा रकम रू २ लाख नबढ्ने र आगामी गाउँसभाबाट स्रोत सुनिश्चितता हुनेगरी योजना अगाडि बढाउने ।

ज) कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीको चलानी नं ३२१, मिति २०८२/०८/१३ गतेको पत्रानुसार मिति २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनका क्रममा सो कार्यालयका सवारी साधन जलेर पुर्ण नष्ठ भएको हुँदा कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि सवारी साधन खरिद गर्न अनुरोध भइ आएकाले सवारी साधन खर्च शीर्षकमा खर्च लेख्ने र रकम रू १ लाख ५० हजार नबढ्ने गरी सवारी साधन खरिदका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

झ) आ. व. २०८१/०८२ मा सङ्घीय सरकारको ससर्त अनुदान अन्तर्गत रूपा गाउँपालिका र रेग्मी कन्स्ट्रक्सन बीच इन्द्रगुफा पूर्वाधार निर्माण कार्यका लागि मिति २०८२/०२/०९ गते रु३२,०३,७८८.३० (भ्याट र पिएस सहित) रकमको कार्यका लागि मिति २०८२/०३/२० गते अन्तिम म्याद रहने गरी सम्झौता भएको। उक्त योजनाको कार्यावधि व्यावहारिक रुपमा पर्याप्त नभएको हुँदा कार्य सम्पन्न समेत नभएकाले चालु आर्थिक वर्षमा सो ठेक्का क्रमागत गर्नका लागि १८ औं गाउँ सभाबाट रु ५,००,०००/- विनियोजन भई मिति २०८२/०८/२९ गतेसम्म अवधि रहनेगरी मिति २०८२/०३/३२ गतेको गाउँ कार्यपालिको निर्णयानुसार म्याद थप भएको। सो ठेक्काको आ.व. २०८१/०८२ मा निर्माण व्यवसायीलाई रु १८,३७,८६०.२४ भुक्तानी भएको र बाँकी मुख्य-मुख्य निर्माण कार्यहरू (मन्दिर निर्माण र फिटनेस पार्क) मात्र गर्ने गरी तयार गरिएको रकम रु २८,०६,७६५.६८ बराबरको भेरिएशन आदेश स्वीकृत गर्ने । उक्त भेरिएशन आदेश बमोजिम निर्माण व्यवसायीद्वारा सम्पन्न हुने कार्यको अपुग सिर्जित वित्तीय दायित्व आगामी गाउँसभाबाट स्रोत सुनिश्चिताका लागि पेस गर्ने निर्णय गरियो ।

ञ) आ.व. २०८१/०८२ मा सङ्घीय सरकारको ससर्त अनुदान अन्तर्गत रूपा गाउँपालिका र रेग्मी कन्स्ट्रक्सनबीच कोट कालिका पूर्वाधार निर्माणार्थ मिति २०८२/०२/०९ गते रु ३५,६०,८९६.८४ (भ्याट र पी.एस् .सहित) रकमको कार्यका लागि मिति २०८२/०३/२० गते अन्तिम म्याद रहने गरी सम्झौता भएको । उक्त योजनाको कार्यावधि व्यावहारिक रुपमा पर्याप्त नभएको हुँदा कार्य सम्पन्न समेत नभएकाले चालु आर्थिक वर्षमा सो ठेक्का क्रमागत गर्नका लागि १८ औं गाउँ सभाबाट रु ३,००,०००/- विनियोजन भई मिति २०८२/०८/२९ गतेसम्म म्याद रहनेगरी मिति २०८२/०३/३२ गतेको गाउँ कार्यपालिको निर्णयानुसार म्याद थप भएको। सो ठेक्काको आर्थिक वर्ष २०८१/०८२ मा निर्माण व्यवसायीलाई रु १८,०९,४३५.८५ भुक्तानी भएको र चालु आर्थिक वर्षमा विनियोजित बजेटका अतिरिक्त गाउँपालिकामा थप आर्थिक दायित्व सिर्जना नहुनेगरी निर्मित संरचना (फूलपाती घर र फिट्नेस

पार्क) मात्र कै पूर्णता दिनका लागि रु १९,८५,५९७.९३ बराबरको भेरिएशन आदेश स्वीकृत गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

मिति २०८२ मंसिर १५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(विष्णु प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
रूपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की